आज मिति २०८०।०८।०७ गते यस कपुरकोट गाउँकार्यपालिकाको १०२औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनितापुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमलकामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिलाकुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही — प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य — आर्थिक प्रशासन शाखा प्रमुख
श्री सुवास हमाल — स्वास्थ्य शाखा प्रमुख
श्री सरस्वती भण्डारी — शिक्षा शाखा प्रमुख
श्री हिरा कुमारी वली — महिला तथा बालबालिका इकाई प्रमुख
श्री रमेश कुमार आचार्य — शिक्षा शाखा प्राविधिक सहायक
श्री तारादेवी सेन — का.स.

कपुरकोट गाउँपालिकाको मिति २०८०।०७।०८ गतेको १०२ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरु:

१. ५ शैया अस्पतालमा डाक्टरको तलब सुविधा, ल्याब असिस्टेण्ट र अन्य व्यवस्थापन सम्बन्धमा ।

२. कपुरकोट जागरण गीत सम्बन्धमा ।

३. लघुउद्दम सहजकर्ता सम्बन्धमा ।

४. राष्ट्रपति रनिङ्गसिल्ड संचालन सम्बन्धमा ।

५. नमुना मा वि छनौट सम्बन्धमा ।

६. महिला हिंसा बिरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धमा ।

७. विविध ।

कपुरकोट गाउँपालिकाको मिति २०८०।०८।०७ गतेको १०२ औं गाउँकार्यपालिका बैठकका निर्णयहरु:

**निर्णय नं. १**

कपुरकोट गाउँपालिका वडा नं ३ मा धनवाङ्ग स्वास्थ्य चौकी संचालन हुँदै आएकोमा यसलाई स्तरोन्नित गरि पालिकास्तरिय ५ शैया अस्पताल संचालनका लागि यस गाउँपालिकाबाट मेडिकल अफिसर पदमा विज्ञापन भई MBBS डाक्टरको पदपूर्ति भईसकेकोमा डाक्टरको तलव रु ४८७३७/-,कर्णाली प्रदेशमा स्वास्थ्यकर्मिलाई प्रोत्साहन भत्ता सम्बन्धि ब्यबस्था अनुसार ६०%का दरले हुन आउने प्रोत्साहन भत्ता रु २९२४२/-, दैनिक भ्रमण भत्ता मासिक रु १०८००/-,खाना भत्ता बापत रु १००००।- ,सँचार सुविधा रु १५००।-, पालिकाको आफ्नै भवनमा निशुल्क आवास लगायतका सेवा सुविधामा करकट्टी गरेर २४ सै घण्टा सेवा प्रदान गर्नका लागि रु १ लाख मासिक सुविधा निर्धारण गर्ने ।

**निर्णय नं. २**

५ शैया अस्पतालको लागि ल्याव टेक्निसियन पदमा पदपुर्ति भैसकेकोले हाल कार्यरत ल्याव असिस्टेण्टको करारनामा २०८० पौष मसान्त देखि थप नगर्ने ।

**निर्णय नं. ३**

पालिकास्तरिय ५ शैया अस्पताल व्यवस्थापन समिति निर्देशिका बमोजिम गठन गरि अन्य व्यवस्थापनको जिम्मा सोही समितिलाई दिने र आवश्यक थप जनशक्ती व्यवस्थापन गर्ने ।

**निर्णय नं ४**

कपुरकोट गाउँपालिकाको समग्र बिषयबस्तु र जागरण अभियानलाई समेटेर स्थानिय कलाकारहरुको प्रयोग गरि अडियो भिडियो सामाग्री सहितको कपुरकोट गाउँपालिका जागरण गीत उत्पादन गर्न जागरण अभियान शिर्षकबाट रु १ लाखको खर्च गर्ने गरि कपुरकोट कलासाहित्य संरक्षण समितिको समन्वयमा गाउँबेशि सुचना केन्द्र (रेडियो कपुरकोट) मार्फत गराउन स्वीकृति दिने।

**निर्णय नं ५**

बजेट कटौतिले लघुउद्दम कार्यक्रमका गतिबिधिहरु प्रभावकारी हुन नसकेको ,पालिकाले उक्त कार्यक्रममा साझेदारि समेत गर्न स्रोतको अभाव भएकोले उक्त कार्यक्रमहरु अब रोजगार सेवा केन्द्रमार्फत संचालन हुने गरी हाल कार्यरत लघु उद्धम सहजकर्ताहरुको करारनामा २०८० पौष मसान्त देखि थप नगर्ने ।

**निर्णय नं ६**

यस बर्षको पालिकास्तरीय राष्ट्रपति रनिङ्गसिल्ड २०८० मंसिर २२, २३ र २४ गते वडा नं ६ को भवानी मा वि छाँयानाथमा संचालन गर्ने । नि.मा.वि लाई खेल निर्देशक समितिले तोकेका जुनियर गेमहरुमा समावेश गर्ने गरी रु २००००।- र मा.विलाई सबै खेल खेलाउन खेलकुद संचालनका लागि

प्रत्येक मा वि लाई रु ७०,०००/-का दरले र आयोजक भवानि मावि छायानाथलाई रु १,२०,०००/- रकम अनुदान निकाशा गर्ने ।कार्यक्रम संचालनका लागि शिक्षा शाखाबाट पेश्की लिई कार्यक्रम निर्दिशिकामा तोकीए बमोजिम समितिबाट संचालन गर्ने ।

**निर्णय नं ७**

कर्णाली प्रदेशबाट प्रस्ताब आव्हान भएको १ जिल्ला १ नमुना मा.वि छनौटका लागि कपुरकोट गाउँपालिका वडा न ४ मा रहेको **नेपाल राष्ट्रिय माध्यमिक बिध्यालय किमुचौरको** मात्र प्रस्ताव पेश भएकोमा उक्त बिध्यालयलाई छनौट गरि माग भएका सबै शर्तहरुमा प्रतिबद्धता सहित सम्बन्धित कार्यालयमा सिफारिस गर्ने ।

**निर्णय नं ८**

महिला तथा वालवालिका ईकाइकोलैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान संचालनका सम्बन्धमा प्रत्येक वडा कार्यालयहरुमा वक्तृत्वकला र लोक नृत्य प्रतियोगिता संचालन गरि वडामा प्रथम र द्बितिय स्थान हासिल गर्ने प्रतियोगिहरुको गाउँपालिकामा प्रति वडा २ जनाको दरले गाउँपालिकाको कार्यालयमा पालिकास्तरिय प्रतियोगिता संचालन गर्ने र आबश्यक बजेट अध्यक्षसँग लक्षित बर्ग शिर्षकबाट खर्च गर्ने ।

**निर्णय नं ९**

यस गाउँपालिकामा यो बर्ष देखि १०+२ सँचालन भएका माध्यमिक बिध्यालयहरु कालिका मावि कपुरकोट ३ र भवानि माविमा कपुरकोट ६ लाई १/१ जना पालिकाको मावि तृतिय तहको शिक्षकको बेसिक तलव बराबरको थप शैक्षिक सहयोग अनुदान आ व २०८०।८१ को श्रावण देखि नै लागु हुने निकाशा गर्ने ।

**निर्णय नं १०**

युवा लक्षित कार्यक्रमहरु लोकसेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा(गत बर्षकै मोडेलमा) र सिपमुलक तालिम अन्तर्गत प्लम्वर,इलेक्ट्रिसियन र कालिगढको सबै माविहरुमा केन्द्रित गरेर सिप बिकासका कार्यक्रमहरु संचालन गर्न अनुमति दिने ।

निर्णय प्रमाणित